धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

धुलिखेल नगरपालिका
(DHULIKHEL MUNICIPALITY)
फोन नं :०११-४९०३२४,४९०७२
फ्याक्स नं :९७७-११४९००२१
बागमती प्रदेश, नेपाल

प. सं: ०८३/८४
च.नं: २६०

मितिः २०८३।०४।२१
ने.सं.:११४६ दिल्लागा, ८, बिहिवार

**विषयः काठमाडौं विश्व विद्यालयको कोटा सिटमा भर्नाका लागि आवेदन माग गरिएको सूचना ।**

**सम्बन्धित सबै सरोकारवाला**

**धुलिखेल नगरपालिकाका स्थायी वासिन्दाहरु**

प्रस्तुत विषयमा यस नगरपालिका र काठमाडौं विश्व विद्यालय धुलिखेल बीच भएको सहकार्यको सन्दर्भमा यस नगरपालिकालाई प्राप्त स्कुल अफ इञ्जिनीयरिङ तर्फ ४ कोटा (धुलिखेल नगरपालिकाको वडा नं ४ को ३ कोटा ४ नं वडा कार्यालयबाट नै सबै प्रक्रिया पूरा गरी सिफारिस हुनेछ) र स्कुल अफ साइन्स तर्फ २ कोटा (धुलिखेल नगरपालिकाको वडा नं ४ को १ कोटा ४ नं वडा कार्यालयबाट नै सबै प्रक्रिया पूरा गरी सिफारिस हुनेछ) मा भर्ना हुन काठमाडौं विश्व विद्यालयले प्रकाशन गरेको *Admission-Test 2026* को सूचिमा योग्य भई नाम प्रकाशित भएका धुलिखेल नगरपालिका भित्रको वडाहरुमा स्थायी वसोवास भएका विद्यार्थीहरुले मिति २०८३ साल श्रावण २५ गते कार्यालय समय भित्र तपसिलको सिफारिस र कागजात सहित यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यस नगरपालिका कार्यालयको मिति २०८३।०४।२१ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ । *Admission-Test 2026* को नतिजासहित यो सूचना प्रकाशन हुनु पूर्व आवेदन गर्नेको हकमा सोही आवेदन नै मान्य हुनेछ तर नपुग कागजात बाँकी भए यो सूचनाको अवधिभित्र समावेश गरिसक्नु पर्नेछ ।

तपसिलः

१. स्थायी ठेगाना र नामनामेसी विवरण तथा भर्ना हुन चाहेको प्रोग्राम खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२. काठमाडौं विश्व विद्यालयले प्रकाशित गरेको प्रवेश परीक्षाको नतिजा सूचिमा नाम भएको निस्सा ।

३. निवेदक विद्यार्थीको नागरिकता र शैक्षिक योग्यता *SEE* का ग्रेडसिट र *SLC* कक्षा १२ को ग्रेडसिट तथा चारित्रिक प्रमाण पत्रका प्रतिलिपिहरु ।

४. यस नगरपालिकाको वेवसाइट वा नगरपालिकाबाट प्राप्त हुने निवेदन ढाँचामा स्वयम् विद्यार्थीको दस्तखत भएको निवेदन । निवेदनमा अनिवार्य सम्पर्क नम्बर उल्लेख गर्नुपर्ने । निवेदनको फाराम/ढाँचा नगरपालिकाको वेवसाइटबाट डाउनलोड गरी अनिवार्य रुपमा भर्नुपर्ने र सोही निवेदन पेश गर्नुपर्ने ।

५. नगरपालिकाबाट भर्नाका लागि नाम सिफारिस गर्दा नगरपालिकाको मापदण्ड बमोजिम गरिनेछ ।

भोज कुमार ठकुरी
अधिकृत आठौं

बोधार्थः

श्री सूचना प्रविधि शाखा, धुलिखेल नगरपालिकाः यो सूचना विद्युतीय माध्यममा प्रविष्टि गराइ सूचना प्रवाहको व्यवस्था मिलाइ दिनुहुन ।

श्री वडा कार्यालय सबै धुलिखेल नगरपालिकाः सूचना प्रवाह गरी सहयोग गरिदिन हुन ।



Scanned with CamScanner

विषयः कोटा सिटमा भर्नाका लागि आवेदन सम्बन्धमा।

श्रीमान् शिक्षा शाखा प्रमुख ज्यू

शिक्षा युवा तथा खेलकुद शाखा, धुलिखेल नगरपालिका।

देहायको विवरण र आवश्यक कागजात संलग्न राखी कोटा सिटमा भर्नाका लागि सिफारिस पाउन निवेदन पेश गरेको छु।

- निवेदक छात्र छात्राको नाम थरः.................................
- जन्म मितिः ..................................................
- स्थायी ठेगानाः धुलिखेल नगरपालिका वडा नं........., टोलः..........................
- यस ठेगानामा कहिलेदेखि बसोबास गरेकोः (वर्ष उल्लेख गर्नुहोस्)........................
- सम्पर्क नं मोवाइल नं .............................. email: .........................................................
- बाबुको नाम थरः ..................................स्थायी ठेगानाः .......................... सम्पर्क मोवाइल नं...................
- आमाको नाम थरः...................................... स्थायी ठेगानाः...........................
- भर्ना हुन चाहेको विषय/Program: .......................
- भर्नाका लागि लिइएको प्रवेश परीक्षा/Entrance Exam को योग्यता क्रमः ...............
- Entrance Exam मा प्राप्त गरेको Score: ..................

निवेदनसाथ संलग्न/पेश गर्नुपर्ने कागजात/सिफारिस/निस्साः

१. स्थायी ठेगाना(त्यस ठेगानामा बसोबास गरेको अवधिसमेत खुलाइ), नामनामेसी विवरण र भर्ना हुन चाहेको Program समेत खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस।

२. भर्नाका लागि लिइएको प्रवेश परीक्षा/Entrance Exam को सूचिमा नाम भएको योग्यता क्रम भएको निस्सा ।

३. प्रवेश परीक्षा/Entrance Exam को प्रवेश पत्रको प्रतिलिपि।

४. नागरिकताको प्रतिलिपि।

५. शैक्षिक योग्यता (एसइइ/एसएलसी र +2 ) का प्रमाण पत्रका प्रतिलिपिहरु।

द्रष्टब्यः नगरपालिकाले छनौटका आधार/मापदण्ड बनाइ कोटा सिटमा भर्नाका लागि सिफारिस गर्नेछ।

यस बमोजिम पेश गरेको विवरण सही छन् झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदकको दस्तखतः

मितिः

CS Scanned with CamScanner